जि.प्र.का. सप्तरी द.नं. २९/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ११ २०७७ साल साउन १३ गते मंगलबार (28 July 2020 Tuesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : पशुपति ग्रामको अवधारणा... ३ पृष्ठमा : यही शैक्षिकसत्रबाट कक्षा ११ ... ३ पृष्ठमा : राफेल लडाकू विमान ...

# राजविराज, जनकपुर र बिरगन्जमा थप एक/एक थान पिसिआर मेशिन जडान गरिने : मुख्यमन्त्री राउत



**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले प्रदेश २ मा कोरोनाको संक्रमण तिब्र रुपमा फैलिदै गएको अवस्थामा उपकरण तथा जनशक्ति अभावले काम गर्न अफ्ठ्यारो भएको भन्दै थप पिसिआर मेशिन जडान गर्ने जानकारी दिएका छन् ।

कोरोना संक्रमण तथा बाढीको अवस्था बुझ्न सोमबार राजविराज आइपुग्नु भएको उनले सरोकारवालाहरुबाट आवश्यक जानकारी लिइसकेपछि आयोजित कार्यक्रममा प्रदेश २ को राजविराज, जनकपुर र बिरगन्जमा एक एक वटा पिसिआर मेशिन छिट्टै थप्न लागेको उहाँले जानकारी दिएका हुन् ।।

सो कार्यक्रममा मुख्यमन्त्री राउतले जनशक्ति र उपकरणको अभावमा जनताले मर्नु पर्ने अवस्था प्रदेश सरकारले कदापी आउन नदिने प्रतिबद्धता समेत व्यक्त गरे ।

एक अर्को प्रसङ्गमा उनले कोरोना तथा बाढी जस्ता प्रकोपको एकै पटक सामना गर्नुपर्ने अवस्था रहेपनि त्यसप्रति केन्द्र सरकारको अभिभावकीय भूमिका नदेखिएको टिप्पणी गरे । केन्द्र सरकारले अन्य प्रदेश झैं प्रदेश २ लाई विपत्तिको बेलामा विशेष चासोका साथ नहेरेको गुनासो गर्दै उनले जनताको पीडामा प्रदेश सरकारले क्षमताले भ्याएसम्म साथ दिने प्रतिबद्धता व्यक्त गरे ।

पछिल्लो केही समययता सीमा क्षेत्रमा निगरानी घट्दा लुकेर घर फर्किने र आवत जावत गर्नेको संख्या बढेको भन्दै चिन्ता व्यक्त गरेका मुख्यमन्त्री राउतले सीमा क्षेत्रमा निगरानी कडा बनाउन सुरक्षा निकायका प्रमुखलाई निर्देशन पनि दिए ।

सोही कार्यक्रममा सामाजिक विकास मन्त्री नवलकिशोर साहले पैसा, जनशक्ति र उपकरणको अभावमा एक जनाको पनि ज्यान जानुहुँदैन भन्ने मान्यताका साथ

*बाँकी तीन पृष्ठमा*

# राजगढ गाउँपालिकाको सार्वजनिक सेवा बन्द

**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

सप्तरीको राजगढ गाउँपालिकाले मंलबारदेखि अनिश्चितकालका लागि अत्यावश्यक सेवा बाहेक सार्वजनिक सेवाहरु बन्द गर्ने निर्ण गरेको छ ।

गाउँपालिकाका अध्यक्ष परमानन्द यादवले सोमबार एक सूचना प्रकाशित गरी गाउँपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवा बन्द भएको जानकारी दिएका छन् । जारि सूचनामा अर्को सूचना नआउञ्जेल अत्यावश्यक सेवाबाहेक सबै सेवा बन्द रहने जनाइएको छ ।

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना सङ्क्रमण समुदायमा फैलिने सम्भावनालाई मध्यनजर गर्दै उच्च जोखिम न्यूनीकरणका लागि गाउँपालिका र वडा कार्यालयहरु समेतबाट प्रवाह हुने सार्वजनिक सेवा बन्द गरिएको सूचनामा उल्लेख छ ।

अत्यावश्यक कामबाहेक घरबाट बाहिर ननिस्किन र अति आवश्यक कामका लागि बाहिर निस्किनु पर्दा अनिवार्य रुपमा मास्क लगाउन, साबुन पानीले हात धुन, सामाजिक दूरी कायम गर्न र अन्य सावधानी अपनाउन गाउँपालिकाले नागरिकलाई आग्रह गरेको छ ।




# चार वर्षिय बालकसहित १५ जनामा कोरोना संक्रमणको पुष्टि

**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

सप्तरीमा सोमबार एक चार वर्षिय बालकसहित १५ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । योसँगै जिल्लामा कोरोना संक्रमितको संख्या ४ सय ६२ पुगेको छ ।

यता साउन ९ गते बिष खाएर राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार गराउन आएका जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका २ का ५० बर्षीय पुरुषमा कोरोना पोजेटिभ देखिएपछि गरिएको परीक्षणमा उनको परिवारका सदस्यसहित ६ जनामा संक्रमण देखिएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका अनुसार सोमबार ती पुरुषको परिवारका ५ जना र सम्पर्कमा आएका गाउँका एक जना संक्रमित पाइएको छ ।

ती पुरुषको परिवारका ४०, २२, ५१, २९ र २७ बर्षीय पुरुष संक्रमित पाइएका छन् । यस्तै, उनको सम्पर्कमा आएका वडा नम्बर ६ का २२ बर्षीय पुरुषमा पनि कोरोना संक्रमण पुष्टि भएको छ ।

यसैगरि भारतबाट आएर कोरोना संक्रमित भई मृत्यु भएका राजविराज ६ निवासी ७२ बर्षीय

*बाँकी तीन पृष्ठमा*

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
CITY EXPRESS
IME International Money Express
IME pay wallet
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

# अब यसरी सञ्चालन हुन्छन् होटल

काठमाडौँ, १२ साउन (रासस)।

बन्दाबन्दीपछिको पर्यटन क्षेत्रलाई चलायमान बनाउन पर्यटनका अन्य क्षेत्र जस्तै होटल क्षेत्रले पनि स्वास्थ्य सुरक्षा मापदण्डलाई पालना गर्दै सञ्चालनको तयारी तीव्र पारेको छ।

बन्दाबन्दीको करिब चार महिना व्यवसाय प्रायः ठप्प भएको होटल व्यवसायलाई गतिशील तुल्याउन स्वास्थ्य सजकता र आवश्यक जनशक्ति परिचालन गरेर व्यवसाय शुरु गर्न लागिएको हो। सरकारले यही साउन १५ देखि होटल व्यवसाय सञ्चालनमा ल्याउने निर्णय गरेपछि व्यवसायीले अहिले पर्यटकस्तरीय होटलले आफ्नो तयारी गरिरहेका छन्। पाँचतारे होटललाई भने शुरुमा केही समस्या हुनसक्ने व्यवसायीको भनाइ छ।

तीन तारेसम्मका होटल आन्तरिक पर्यटनले धान्न सकिने र अन्तर्राष्ट्रिय उडान खुलेसँगै विदेशी पर्यटक आउने आसमा व्यवसायीले सञ्चालनको पूर्वतयारी गरिरहेका हुन्। होटल एशोसिएशन अफ नेपाल (हान) का प्रथम उपाध्यक्ष विनायक शाहले शुरुमा पूर्ण क्षमताको १० प्रतिशत मात्र होटल व्यवसाय सञ्चालन गरिने र क्रमशः अवस्था हेरेर क्षमता बढाउँदै लगिने बताउनुभयो।

सरकारले बजेटमा घोषणा गरेअनुरुप 'देश दर्शन' कार्यक्रममार्फत आन्तरिक पर्यटन प्रवर्द्धन हुने ठम्याइका साथ हानले विभिन्न आकर्षक प्याकेज बनाउने योजना रहेको उहाँले सुनाउनुभयो। विदेशी पर्यटकको आत्मविश्वास बढाउन विमानस्थलमा पिसीआर सेन्टर स्थापना गरेर चाडो रिपोर्ट लिन सकिन व्यवस्था मिलाउन सके उपयुक्त हुने व्यवसायीको अपेक्षा छ। साथै अनअराइभल प्रवेशाज्ञा जस्ता योजना ल्याउन सकेको खण्डमा पर्यटन व्यवसाय छिट्टै लयमा फर्कने उपाध्यक्ष शाहले बताउनुभयो।

होटल सञ्चालनको तयारी गरिए पनि शुरुआति चरणमा पर्यटक अभावले कठिनाइ हुने व्यवसायीको ठम्याइछ। आगामी भदौ १ गतेदेखि आन्तरिक तथा अन्तरराष्ट्रिय व्यावसायिक उडान शुरु हुने भएकाले होटल व्यवसाय क्रमशः सहज हुदैँ जाने उनीहरुको आँकलन छ। होटल व्यवसाय सञ्चालन शुरुआतिका एक सिफ्ट अर्थात् दैनिक आठ घण्टा मात्रै कमभन्दा कम कर्मचारीबाट सञ्चालन गरिनेछ। सामान्य अवस्थामा होटल तीन सिफ्टमा सञ्चालन हुन्थ्यो।

कोभिड-१९ सङ्क्रमणबाट सुरक्षित सेवा सञ्चालनको सुनिश्चितताका लागि होटल व्यवसायीले सुरक्षा मापदण्डको अभ्यास गरिरहेका छन्। विश्व स्वास्थ्य सङ्गठन, नेपाल सरकार र होटलले बनाएको स्वास्थ्य प्रोटोकलका आधारमा सेवा सञ्चालन गरिने व्यवसायीले बताएका छन्। अबको १५ दिन आन्तरिक तयारीमा जुट्ने योजना बनाएका व्यवसायीले विदेशी पर्यटक नेपाल आउँदा शुरुमा स्वास्थ्य परीक्षण र क्वारेन्टिन कसरी र कति अवधि भन्नेबारे चाडो निर्णय गरेको खण्डमा व्यवसायीले तयारी गर्न सहज हुने उपाध्यक्ष शाहको भनाइ छ।

कोभिडसँगै व्यवसाय अघि बढाउनुपर्ने बाध्यता रहेकाले पनि व्यवसायीले त्यसअनुरुपको तयारी गरेका हुन्। छिमेकी मुलुक भारत र चीनबाट अहिले पनि धेरै संख्यामा पर्यटक आउन चासो देखाइरहेका छन्। तर यसका लागि उडान सहज भएपछि पनि स्वास्थ्य सुरक्षा सुनिश्चितता चाहिन्छ। कतिपय मुलुकका पर्यटक नेपाल आउन बुभिङ गरिरहेका पनि व्यवसायीले जनाएका छन्। आगामी अक्टोबर महिनाबाट पर्यटन क्षेत्र चलायमान हुने अपेक्षासहित व्यवसायीले बुकिङ लिएको बताइएको छ। हानमा आबद्ध पर्यटकस्तरदेखि पाँचतारे गरी तीन हजारभन्दा बढी होटल छन्।

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पशुपति ग्रामको अवधारणा : एक करोड धार्मिक पर्यटक भित्र्याइने

काठमाडौँ, १२ साउन (रासस)।

विश्वभर रहेका करिव एक अर्ब हिन्दू धर्मावलम्बीमध्ये वार्षिक एक प्रतिशत अर्थात् एक करोडलाई पशुपतिनाथको मन्दिर दर्शन गराउने गरी पशुपति क्षेत्रको विस्तृत गुरुयोजना तयार पारिएको छ।

पशुपति क्षेत्र विकास कोषले तयार पारेको अति महत्वकाङक्षी गुरुयोजना संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री अध्यक्ष हुने सञ्चालक परिषद्ले विसं २०७६ माघ १९ गते पारित गरी मन्त्रिपरिषद्बाट स्वीकृतिका लागि पेश गरिएको छ। विसं १८६७ मा तत्कालीन राजा गीर्वाणयुद्ध विक्रम शाहले लालमोहर लगाएर पशुपतिनाथलाई अर्पण गर्नुभएको पशुपति क्षेत्रको २६४ हेक्टर जमिनमा धार्मिक पर्यटन प्रवर्द्धन हुने गरी पूर्वाधार निर्माण गर्ने अवधारणा गुरुयोजनामा समेटिएको कोषले जनाएको छ। क्रिश्चियन धर्मावलम्बीको भ्याटिकन सिटी, मुस्लिमको मक्का मदिना, बौद्ध धर्मावलम्बीको लुम्बिनी जस्तै वैदिक सनातन हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थलका रुपमा पशुपति क्षेत्रलाई स्थापित गर्न लागिएको कोषका सदस्य सचिव डा प्रदीप ढकालले जानकारी दिनुभयो।

कोषका पूर्वसदस्य सचिव एवं गुरुयोजना विज्ञ चेतोनाथ गौतमको संयोजकत्वमा तयार पारिएको गुरुयोजनाको अवधारण र सिद्धान्त सञ्चालक परिषद्बाट पारित भएर संस्कृति मन्त्रालय पुगेसँगै कानून, अर्थलगायत सरोकार भएका मन्त्रालयको स्वीकृति लिई मन्त्रिपरिषद्मा पेश गर्ने तयारी भएको जनाइएको छ।

आगामी ५० वर्षसम्म पशुपति क्षेत्रमा आउने भक्तजनको अनुमान गरी पूर्वाधार निर्माण गर्ने गरी गुरुयोजना बनाइएको उहाँले बताउनुभयो। "पशुपति क्षेत्रमा आउने पर्यटकका सवारी पार्किङका लागि तिलगङ्गा पुलमुनिको उकालोबाट जमिनमुनि पार्किङ स्थल निर्माण गर्ने, तिलगङ्गाबाट चाबहिलसम्मको चक्रपथ अन्यत्र सार्नुपर्ने, यहाँको सडकलाई सम्पदामैत्री सडकका रुपमा विकास गरिनुपर्ने प्रस्ताव गुरुयोजनामा गरेका छौँ", उहाँले भन्नुभयो।

कोषले गौशालाबाट रातोपुल हुँदै रुद्रमती किनारै किनार वा कोटेश्वरबाट जडीबुटी हुँदै गोठाटार, जोरपाटी हुँदै चक्रपथ घुमाउन पनि गुरुयोजनामार्फत माग गरेको छ। पशुपति क्षेत्रबाट जाने चक्रपथका कारण तिलगङ्गा पुलमुनिको बज्रेश्वरी मन्दिर जीर्ण बनेको छ। तान्त्रिकरुपमा ठूलो महत्वको मन्दिर भएपनि बज्रेश्वरीलाई चक्रपथले समस्यामा पारेको स्थानीयवासी बताउँछन्।

हाल पशुपति आउने भक्तजन गुह्येश्वरी मन्दिरसमेत नजाने अवस्था छ। पशुपति क्षेत्रका विषयमा विस्तृत सूचनासमेत नभएर भक्तजनले यहाँका दर्शनीयस्थलमा पुग्न नसकेको निष्कर्ष निकाल्दै कोषले हाल महानगरीय प्रहरी वृत्त गौशाला रहेको स्थानमा पर्यटक सूचना केन्द्र स्थापना गर्न प्रस्ताव गरेको छ।

पशुपतिनाथ मन्दिर रहेको क्षेत्रलाई आकर्षक पर्यटकीयस्थलका रुपमा विकास गर्न पशुपति हिन्दू विश्वविद्यालय, पशुपति गौशाला, पशुपति अस्पताल, पशुपति वृद्धाश्रमजस्ता सामाजिक काम गर्ने संरचनालाई तीन किलोमिटर पर गोठाटारमा रहेको कोषको ५३४ रोपनी क्षेत्रफलमा स्थापना गर्ने सोच अघि सारिएको सदस्य सचिव ढकालले जानकारी दिनुभयो।

पशुपति क्षेत्रको श्लेषमान्तक वनबाट विश्वरुप क्षेत्रसम्मको जङ्गल माँसिएर कङ्क्रिटको चिहान बनिरहेकामा त्यसलाई समेत कोषले व्यवस्थित गर्ने भएको छ। हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्रमा क्रस राखेर चिहान निर्माण भइरहेकाले यसलाई रोक्न प्रस्ताव गरिएको पूर्वसदस्य सचिव गौतमले बताउनुभयो।

वाग्मतीको शुद्ध जलले पशुपतिनाथको स्नान गरिँदै आएकामा तीसको दशकदेखि नै नदी प्रदूषित भएपछि पशुपति क्षेत्रमै निर्माण गरिएको इनारबाट हाल स्नान गरिँदै आएको छ। नदी शुद्ध बनाई वाग्मतीकै जलबाट भगवान्को स्नान गराउने योजना पनि कोषले अघि सारेको छ। पशुपति क्षेत्रको गुह्येश्वरी नजिकै पोखरी निर्माण गरी हिउँदमा पनि वाग्मतीमा बहाव बढाउन लागिएको छ। यसले पशुपति आउने धार्मिक पर्यटकमा पशुपतिको सौन्दर्यता पुनःस्थापित गर्न सकिने कोषको विश्वास छ।

**पशुपति विद्वत् परिषद्को अवधारणा**

पशुपतिनाथलाई राष्ट्रदेवका रुपमा पुजिने भएकाले धर्म, संस्कृतिको संरक्षण गर्ने, यस विषयमा आउने विवाद समाधान गर्न विशिष्ट विद्वान्लाई समेटेर पशुपति विद्वत् परिषद् गठन गर्ने प्रस्ताव गुरुयोजनामा गरिएको छ। पशुपति क्षेत्रमा गरिने विकास निर्माण, यस क्षेत्रमा बस्नेले पालना गर्नुपर्ने आचरणको र पशुपति क्षेत्रमा आउने तीर्थयात्रीको समेत मापदण्ड निर्माण गरेर लागू गरिने छ।

पशुपति क्षेत्रको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वको खोज अनुसन्धानका लागि पशुपति अध्ययन केन्द्रको स्थापनासमेत गरिने भएको छ। केन्द्रलाई साधन, स्रोत सम्पन्न बनाएर अघि बढाइने छ। पशुपतिको सम्पदा क्षेत्रमा विकास निर्माण गर्दा अनिवार्य रुपमा सम्पदा प्रभाव मूल्याङ्कन गरिने पूर्वसदस्य सचिव गौतमले बताउनुभयो।

पशुपति क्षेत्रमा रहेका ५०० भन्दा बढी मठ मन्दिरमा वैदिक र तान्त्रिक दुवै पद्धतिबाट भगवान्को पूजा आराधना गरिन्छ। दुवै पद्धतिलाई संरक्षण गर्ने कोषले जनाएको छ। पशुपति क्षेत्रमा रहेका विभिन्न सम्प्रदायका धार्मिकस्थललाई संरक्षण गर्ने नीति पनि कोषले लिएको छ स। मित्रपार्कमा रहेको जोस्मनी मठलाई संरक्षण गर्न लागिएको छ।

लोप भइसकेको चतुःषष्ठि लिङ्ग तीर्थ यात्राको अध्ययन अनुसन्धान गरी त्यसलाई पुनःअघि बढाउने अभियानको नेतृत्व पनि कोषले गर्ने भएको छ। यसका लागि वाग्मती प्रदेश सरकारसँग पनि सहकार्य गर्न लागिएको सदस्य सचिव ढकालले जानकारी दिनुभयो। यसअघि कोषले करिब ४० वर्षदेखि बन्द रहेको वाग्मती तीर्थ यात्रालाई तीन वर्ष अघि निरन्तरता दिएको थियो।

**आर्यघाटलाई आर्या तीर्थका रुपमा विकास गरिने**

पशुपतिको आर्यघाट क्षेत्रलाई आर्या तीर्थका रुपमा विकास गरिने भएको छ। आदिकालदेखि आर्या तीर्थका रुपमा प्रसिद्धस्थललाई विगतमा श्री ५ र श्री ३ को परिवारका सदस्यको निधन हुँदा शवदाह गर्ने स्थलका रुपमा विकास गरिएको पूर्वसदस्य सचिव गौतमले जानकारी दिनुभयो।

"राजतन्त्रको अन्त्य भई सबै नागरिक समान भइसकेको अवस्थामा विशिष्ट नागरिकको दर्जा दिई शवदाह गर्ने परम्परा कति उचित छ ? यसैले यहाँका दुई चितालाई पनि भष्मेश्वरघाटतिर क्रमशः स्थानान्तरण गर्ने योजना अघि सारिएको हो, शिव, वराह पुराणलगायत धर्म ग्रन्थमा उल्लेख गरिएको घाटस्थल पनि पशुपतिनाथ मन्दिरको दक्षिणतिरको भष्मेश्वर घाट नै हो, यी ग्रन्थमा भगवान् शिवले मेरो दक्षिणतिर प्राण त्याग गर्नेले मुक्ति पाउँछ भन्नुभएको छ", उहाँले भन्नुभयो।

आर्यघाटमा ब्रहमनाल छ। जहाँ पशुपतिनाथलाई स्नान गरेको जल झर्छ। यो जलले मृतकको शरीर स्नान गराइन्छ। यस्तो स्थललाई विस्तार गरिने कोषले जनाएको छ। आर्यातीर्थ क्षेत्रमा मृगेश्वरलगायत महत्वपूर्ण तीर्थस्थल छन्। पशुपति दर्शन विधि अनुसार दर्शनका लागि प्रवेश गर्दा यहाँ दर्शन गरेर मात्र पशुपतिनाथको मूल मन्दिर प्रवेश गरिन्छ।

यस्तो क्षेत्रमा शवलाई सुताएर विधि गर्दा मलामी र दर्शनार्थी एकै स्थलमा हुनाले दुवैलाई असर गरिरहेकाले व्यवस्थित गर्न आवश्यक रहेको पूर्वसदस्य सचिवसमेत रहनुभएका गुरुयोजना विज्ञ गौतम बताउनुहुन्छ। वातावरणीय रुपमा समेत विद्युतीय शवदाह गृहको माग बढिरहेकाले ती स्थानमा पनि पशुपतिनाथलाई स्नान गरेको जल पाइपबाट लैजाने गरी योजना बनाइएको छ।

पूर्वप्रधानन्यायाधीश केदारनाथ उपाध्यायले पनि एक प्रतिवेदनमा आर्यघाट श्री ५ र श्री ३ का परिवारका सदस्यको शवदाह गर्ने स्थलका रुपमा आदिकालदेखि नभई राणाकालमा निर्माण गरिएको उल्लेख गर्नुभएको कोषका प्रशासकीय अधिकृत सीताराम रिसालले जानकारी दिनुभयो।

पशुपति क्षेत्रमा दैनिकरुपमा भक्तजन आउने क्रम बढ्न थालेपछि कोषले दुई दर्शन मार्ग निर्माणलाई गुरुयोजनामै समेटेको छ। दक्षिणतिरको बज्रेश्वरीबाट एउटा दर्शन पथ बनाइने छ। जसको प्रवेश बिन्दुमा सूचना केन्द्र, त्यसपछि क्रमशः कार्यालय, शौचालय, प्राथमिक स्वास्थ्य उपचारका लागि स्वास्थ्य केन्द्र, जुत्ता चप्पल कक्ष, स्वागतद्वार, पूजा सामग्री बिक्री केन्द्रलगायत संरचना बनाउने योजना कोषले अघि सारेको छ।

यसैगरी उत्तरतिरको उमाकुण्डबाट पनि यस्तै दर्शन मार्गको प्रस्ताव गरिएको छ। संरक्षित क्षेत्रको मापदण्ड अनुसार पुरातत्वविद् र वास्तुविद्सँग सल्लाह लिएर संरचना निर्माण गरिने कोषको प्रतिबद्धता छ। पशुपतिनाथको पश्चिम भाग र गुह्येश्वरीमा पनि बाह्य प्राङ्गण विस्तार गर्ने योजना कोषको छ।यसले पशुपति क्षेत्रमा महाशिवरात्रिका अवसरमा लाग्ने भीड व्यवस्थित गर्न सहयोग मिल्ने आशा गरिएको छ। प्राङ्गण विस्तारले पशुपति क्षेत्रमा गरिने विभिन्न धार्मिक क्रियाकलापलाई सहयोग पुग्ने छ। विसं २०२६ तिर बनेको पशुपतिनाथको मूल पश्चिम ढोका भत्काउने योजना भने नरहेको कोषले स्पष्ट पारेको छ।

वार्षिकरुपमा एक करोड धार्मिक पर्यटकलाई दर्शन गराउने गरी पशुपति ग्रामको अवधारणा कोषले अघि सारेको छ। हाल पशुपति क्षेत्रमा बसलगायत सवारीमा आई दर्शन गरेर आएकै दिन फर्कने दर्शनार्थीको सङ्ख्या धेरै छ। त्यस्ता धार्मिक पर्यटकलाई कम्तीमा तीन दिनसम्म पशुपति क्षेत्रमा अडचाउने गरी सुविधा सम्पन्न धर्मशालालगायत संरचना विस्तार गर्ने गरी ग्रामको अवधारण अघि बढाइएको हो।

ग्राम निर्माण गर्दा यस क्षेत्रमा आदिकालदेखि बस्दै आएका स्थानीयवासीलाई मर्कामा नपारिने कोषको भनाइ छ। स्थानीयवासी, स्थानीय सरकार सबैसँग समन्वय गरेर नै गुरुयोजनालाई कार्यान्वयनमा लगिने कोषले जनाएको छ। "धार्मिक क्षेत्र विस्तारको काम गर्दा कसैलाई अन्यायमा पारिँदैन, धार्मिक क्षेत्रमा यसो गरेमा हामीले पनि पाप भोग्नुपर्छ", गुरुयोजना निर्माणको संयोजन गर्नुभएका कोषका पूर्वसदस्य सचिव गौतमले भन्नुभयो।

यसअघि २०५८ देखि २०६८ सम्म लागू भएको कोषको गुरुयोजना पनि गौतमकै कार्यकालमा बनेको थियो। विसं २०५३ मा निर्माण भएको कोषको पहिलो गुरुयोजना २०५६ सालमा मन्त्रिपरिषद्बाट स्वीकृत भएको थियो।

# कुरियरमार्फत दुई लाख ७९ हजार ठगी गर्ने पक्राउ

काठमाडौँ, १२ साउन (रासस)।

प्रहरीले कुरियरमार्फत होम डेलिभरी गर्ने नाममा रु दुई लाख ७९ हजार ९१० ठगी गर्ने एक जनालाई पक्राउ गरेको छ।

प्रहरीको महानगरीय अपराध महाशाखाले कुरियरमार्फत होम डेलिभरी गर्ने नाममा सामान नपुऱ्याइ ठगी गर्ने धनुषाका २४ वर्षीय धीरज साहलाई सोमबार पक्राउ गरेको हो। महाशाखाका प्रवक्ता, प्रहरी उपरीक्षक ईश्वर कार्कीले भारतीय अनलाइनबाट किनेको औषधि, मोबाइल, घडी, लेडिज कपडा नेपालमा होम डेलीभरी गराइदिने भनी विश्वासमा पारी उक्त रकम ठगी गरेकाले पक्राउ गरिएको जानकारी दिनुभयो।

पक्राउ परेका उनले भारतबाट बेवी कार सिट मगाउने

*बाँकी तीन पृष्ठमा*

# यही शैक्षिकसत्रबाट कक्षा ११ मा नयाँ पाठ्यक्रम लागू

काठमाडौँ, १२ साउन (रासस) ।

पर्याप्त तयारी नपुगेको गुनासो गरिए पनि सरकारले यही शैक्षिकसत्रबाट कक्षा ११ मा नयाँ पाठ्यक्रम लागू गर्ने भएको छ । सरकारले नेपालको संविधान, सङ्घीय संरचना र समृद्ध नेपालको परिकल्पनानुकूल 'विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम प्रारुप, २०७६' पारित गरी नयाँ पाठ्यक्रम लागू गर्न लागेको हो ।

माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई) को परीक्षा यसै साता प्रकाशन हुने र कोरोना महामारीका कारण रोकिएका शिक्षालयमा आगामी भदौदेखि भर्ना लिइने जनाइए पनि कक्षा ११ को नयाँ पाठ्यक्रम मुद्रित नभएको स्थितिमा सरोकारवालाबीच अन्यौले देखिएका बेला पाठ्यक्रम विकास केन्द्रले यसै वर्षदेखि सो पाठ्यक्रम कार्यान्वयनका लागि तयारी पूरा भएको स्पष्ट गरेको छ ।

समाजवादोन्मुख सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका लागि सक्षम नागरिक विकासको दूरदृष्टिसहित पाठ्यघन्टा (क्रेडिट आवर) को संरचना र व्यावसायिक शिक्षाको धारलाई प्राथमिकता दिइ सरकारले २०७६ भदौ २० मा सो प्रारुप पारित गरेको थियो । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को बैठकले पारित गरेको प्रारुपका आधारमा यस सत्रदेखि कार्यान्वयन नयाँ पाठ्यक्रम लागू गर्ने गरी २०७६ माघ २ गते निर्णय भई सोको सार्वजनिक सूचना दिइएको थियो । उच्च शिक्षा तथा विद्यालय सङ्घ (हिसान) र निजी क्षेत्रका केही प्रकाशकले यस वर्षका लागि तयारी अपुग हुने र प्रारुप निर्माणमा आफूहरुको स्वामित्व नदिइएको गुनासो गर्दै आएका छन् । सोही प्रारुपअनुसार हाल कक्षा १ देखि ३ सम्मका पाठ्यक्रम परीक्षणका रुपमा लागू भएका छन् ।

नयाँ प्रारुपले संविधानको मौलिक हक, सङ्घीय, प्रदेश र स्थानीय तहको संरचना, आर्थिक सामाजिक रुपान्तरणका सवाल, विद्यालय क्षेत्र विकास कार्यक्रम, मुलुकको दीर्घकालीन विकासमा शिक्षाको योगदानका पक्षमा ध्यान दिइ सक्षमता र बाल मनोवैज्ञानिकलगायतका सिद्धान्तलाई आधार बनाएको छ । एकल पथीय नयाँ पाठ्यक्रममा विद्यार्थीलाई रोजगारीका लागि तयारी गराउँदै युनेस्काको गुणस्तरीय शिक्षाको आधारबमोजिम विद्यार्थीमा क्षमता अभिवृद्धि, सीप र ज्ञानको विकास, मूल्य स्थापना र सक्षम बनाउने लक्ष्य राखिएको छ ।

केन्द्रका निर्देशक गणेशप्रसाद भट्टराईले कार्यान्वयनका लागि निर्णय भइसकेको र नयाँ पाठ्यक्रम सङ्घीय व्यवस्थानुकूल भएकाले यसबाट पछि फर्कने अवस्था नरहेको स्पष्ट गर्नुभयो । शिक्षा पत्रकार समाजले सोमबार आयोजना गरेको छलफलमा केन्द्रका प्रवक्ता भट्टराईले कक्षा ११ र १२ मा हालसम्म विश्वविद्यालयको कोर्सका आधारमा पाठ्यक्रम लागू भएकामा कक्षा १२ सम्म माध्यमिक विद्यालयको संरचना भएकाले अब पूर्ण पाठ्यक्रममा आधारित हुने बताउनुभयो ।

उहाँका अनुसार कक्षा यी तहका लागि ७५/७५ वटा पाठ्यक्रम विकास भइसकेका र अब २० वटाको विकास हुन बाँकी छ भने नयाँ अनिवार्य विषय नेपाली, अङ्ग्रेजी र सामाजिक जीवनोपयोगी शिक्षाका पाठ्यक्रम तयार भई जनक शिक्षा सामग्री केन्द्र लिमिटेड तथा सूचीकृत भएमा निजी प्रकाशनलाई उत्पादनका लागि दिने तयारी भएको छ ।

हिसानका सचिव डा ऋषि तिवारी र निजी प्रकाशक नवराज बजगाईंले शिक्षक, लेखक र प्रकाशकले तयारी नगरेकाले यस वर्ष नयाँ पाठ्यक्रम लागू नगर्न आग्रह गर्नुभयो भने सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घका अध्यक्ष कृष्ण थापा, सामुदायिक विद्यालय शिक्षक युनियनका महासचिव टीका न्यौपाने, सामाजिक विषयका पाठ्यक्रम लेखक गोविन्द भण्डारी, माधव दाहाल, विजय स्मारक माविका प्रधानाध्यापक डिल्ली शर्मा, विश्व निकेतन माविका प्रधानाध्यापक हेरम्बराज कँडेल, नन्दी माविका प्रधानाध्यापक गीता काफ्ले, शिवपुरी माविका प्रधानाध्यापक दीवाकर दूरदर्शीलगायतले आफूहरु यसै सत्रबाट नयाँ पाठ्यक्रम लागू गर्न तयारीमा रहेको जनाउनुभएको थियो ।

सरकारले विसं २०६३ मा लागू गरेको विद्यालय शिक्षाको प्रारुप यसअघि २०७१ मा परिवर्तन भएको थियो । विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनमा आएपछि हाल विद्यालय तह भन्नाले शिशु कक्षादेखि कक्षा १२ सम्म मानिन्छ भने सङ्घीय शिक्षा ऐन पारित भएपछि विद्यालय शिक्षाको संरचनाले थप कानूनी मान्यता पाउनेछ ।

### *राजविराज, जनकपुर ...*

प्रदेश सरकार अघि बढेको जिकिर गर्दै विपद्का बेला सबैले आ-आफ्नो ठाउँबाट सकारात्मक सहयोग गर्नु पर्ने आग्रह समेत गरे ।

उनले क्वारेन्टाइन र आइसोलेशन ब्यबस्थापनका लागि आवश्यक पर्ने रकम पटक पटक उपलब्ध गराइएको र विपद् कायम रहेसम्म यो सहयोगलाई निरन्तरता दिइने प्रतिबद्धता जनाए ।

कार्यक्रममा प्रदेश सभा सदस्य नेत्रविक्रम साह, प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्य, जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, नेकपाका सुखराम यादव, नेपाली काँग्रेसका दिनेश यादव, जनता समाजवादी पार्टीका केदार यादव, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादव, गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झा, पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झा लागयतले कोरोना र बाढीको जोखीम ब्यावस्थापनका लागि गर्नुपर्ने थप तयारी बारे आ-आफ्नो सुझाव राखेका थिए ।

### *चार वर्षिय ...*

व्यापारीको सम्पर्कमा आएका राजविराज नगरपालिका वडा नं. ३ का २४ बर्षीय र वडा नं. ८ का २७ बर्षीय पुरुषमा पनि कोरोना संक्रमण देखिएको छ ।

जिल्लाको बलान बिहुल गाउँपालिकाका वडा नं. १ का २६ बर्षीय पुरुष, वडा नं. २ का २० बर्षीय पुरुष, वडा नं. ३ का ४, १० र २० बर्षीय पुरुष, वडा नं. ४ का २३ र ३५ बर्षीय पुरुषमा कोरोना संक्रमण पुष्टि भएको छ ।

### *कुरियरमार्फत ...*

पीडितले ई-सेवाबाट पठाएको रु नौ हजार, भारतबाट साडी कुर्था ल्याउने भनी पीडितसँग लिएको रु ७७ हजार ७००, सिको घडी मगाउनका लागि पीडितसँग लिएको रु ४९ हजार ५५०, जेन्स कपडा ल्याउन पीडितसँग लिएको रु १४ हजार ८७५, औषधि तथा मोबाइल ल्याउन पीडितसँग लिएको रु ७३ हजार ७८५ ठगी गरेका छन् ।

उनलाई ठगी मुद्दामा आवश्यक अनुसन्धान तथा कारवाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौँ पठाएको महाशाखाले जनाएको छ ।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**

**शाखा : सिंहदरबार परिसर**

**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**

**खाना नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### राफेल लडाकू विमान भारतका लागि प्रस्थान

पेरिस, १२ साउन (रासस-एएनआई) ।

भारतले खरिद गर्न लागेका फ्रान्सेली अत्याधुनिक राफेल लडाकू विमानको एक खेप भारतका लागि प्रस्थान गरेका छन् । पहिलो चरणमा पाँच वटा लडाकू विमान बुधबार भारतीय वायुसेनामा समाहित गर्ने कार्यक्रम छ ।

ती लडाकू विमानहरु फ्रान्सको मेरिगन्याक हवाई अड्डाबाट उडेका थिए । ती विमान भारततर्फ प्रस्थान गर्नुअघि फ्रान्सस्थित भारतीय राजदूतावासले गरेको ट्वीटमा भारतीय वायुसेवाको क्षमता विकासमा राफेल विमानको सहभागिताले महत्वपूर्ण योगदान गर्ने बताइएको छ ।

फ्रान्सेली विमानमा सात जना भारतीय पाइलटको समूह समेत सहभागी छ । उनीहरुलाई फ्रान्सस्थित डासल्ट एभिएसन कम्पनीमा तालीम समेत दिइएको थियो ।

भारतले सन् २०१६ मा गरेको अहिलेसम्मकै सबैभन्दा ठूलो प्रतिरक्षा खरिदमा राफेल लडाकू विमान समावेश थियो । निकै बिबादबीच भारतको मोदी सरकारले ६० हजार करोड भारतीय रुपैयाँमा फ्रान्सबाट ३६ वटा लडाकू विमान खरिद गरेको हो ।

नयाँ लडाकू विमान जुलाई २९ का दिन भारतको अम्बाला आइपुग्ने छन् । लामो दूरीका मिटिओर हवाई क्षेप्यास्त्र र स्काल्प जडित यी विमानले पाकिस्तान र चीनका विभिन्न स्थानमा अचुक निशाना लगाउन सक्ने विश्वास गरिएको छ ।

### भारतमा एकैदिनमा करिब ५० हजार संक्रमित

नयाँदिल्ली, १२ साउन (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या अत्यधिक वृद्धि भएको छ । केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा ४९ हजार ९३१ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् ।

भारतमा अहिलेसम्म कोरोनाबाट सङ्क्रमित भएकाको कुल संख्या १४ लाख ३५ हजार ४५३ पुगेको छ । तीमध्ये चार लाख ८५ हजार ११४ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने नौ लाख १७ हजार ५६८ जना सङ्क्रणमुक्त भइसकेका छन्

त्यसैगरी पछिल्लो २४ घण्टामा भारतमा कोरोनाबाट सङ्क्रमित भएर ७०८ जनाको मृत्यु भएको छ । योसँगै कुल मृतकको संख्या ३२ हजार ७७१ पुगेको अधिकारीले जनाएका छन् ।प्रदेशअनुसार हेर्दा सवैभन्दा धेरै महाराष्ट्र राज्यमा तीन लाख ७५ हजार ७९९ सङ्क्रमित भएका छन् ।

त्यसैगरी तमिलनाडुमा दुई लाख १३ हजार ७२३ जना र दिल्ली राज्यमा एक लाख ३० हजार ६०६ जना सङ्क्रमित भएका छन् ।

### विश्वमा कोरोना भाइरस संक्रमितको संख्या एक करोड ६४ लाख नाघ्यो

जेनेभा, स्वीट्जरल्याण्ड, १२ साउन (रासस/एएफपी) ।

विश्वमा सोमबारसम्म एक करोड ६४ लाख ३२ हजार ११० जना व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् ।

कोरोना भाइरस सङ्क्रमणको कारण विश्वभरी छ लाख ५२ हजार ४३७ व्यक्तिको मृत्यु भएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले शनिबार जानकारी दिएको छ ।

सङ्क्रमितमध्ये हालसम्म १ लाख ५६ हजार ५५४ व्यक्ति कोरोना मुक्त भएका छन् । विश्वभरमा ५७ लाख २१ हजार ८४४ व्यक्ति कोरोना भाइरस सङ्क्रमित रहेका उनीहरुको उपचार भइरहेको छ । सङ्क्रमितमध्ये ६६ हजार २२९ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस सङ्क्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ ।

डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र ४३ लाख ७१ हजार ८३९ जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा एक लाख ४९ हजार ८४९ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ ।

दक्षिण अमेरिकामा ३७ लाख ४२ हजार ३६६ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् । यहाँ एक लाख ३४ हजार २५६ जनाको मृत्यु भएको छ ।

उत्तर अमेरिकामा ५१ लाख २९ हजार ९०६ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् । यहाँ दुई लाख ८ हजार ५९६ जनाको मृत्यु भएको छ ।

युरोपमा २७ लाख ८४० हजार ८४२ जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् भने दुई लाख १ हजार ५३२ को मृत्यु भएको छ ।

एसिया ३९ लाख ५ हजार ४३९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने ८७ हजार ४६५ जनाको मृत्यु भएको छ ।अफ्रिकामा आठ लाख ५० हजार ६२८ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १७ हजार ८०८ जनाको मृत्यु भएको छ ।

ओसियानामा १६ हजार ६६४ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १८३ जनाको मृत्यु भएको छ ।

# धनुषामा कोरोना सङ्क्रमणबाट एकको मृत्यु

जनकपुर, १२ साउन (रासस)।

धनुषामा कोरोनाको सङ्क्रमणबाट आइतबार ३८ वर्षीय एक युवकको मृत्यु भएको छ। शहीदनगर-८ डुमरिया बस्ने ती युवक रुघाखोकी र ज्वरोबाट पीडित भएपछि प्रादेशिक अस्पताल जनकपुरमा भर्ना भएका थिए। उनको अवस्था जटिल बन्दै गएपछि थप उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लग्ने क्रममा सिरहामा मृत्यु भएको प्रादेशिक अस्पतालले जनाएको छ।

प्रदेश नं २ का स्वास्थ्य निर्देशनालयका सहनिर्देशक विजयकुमार झाले ती युवकको आइतबार बिहान स्वाबको नमूना सङ्कलन गरिएको र साँझ रिपोर्ट पोजिटिभ आएको जानकारी दिनुभयो। शवलाई जनकपुरमै व्यवस्थापन गरिने बताइएको छ। धनुषामा कोरोना सङ्क्रमणबाट मृत्युको यो पहिलो घटना हो। यस प्रदेशमा अहिलेसम्म कोरोनाबाट १२ जनाको मृत्यु भइसकेको छ।

# एक वर्षमा साढे ३२ हजारले बढ्यो सुन

काठमाडौँ, १२ साउन (रासस)।

पछिल्लो एक वर्षको अवधिमा नेपाली बजारमा पहेँलो धातुको मूल्यमा भारी वृद्धि भएको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार सो अवधिमा सुनको मूल्यमा प्रतितोला रु ३२ हजार ५०० ले वृद्धि भएको छ।

गत साउन १२ गते नेपाली बजारमा छापावाला सुनको मूल्य प्रतितोला रु ६५ हजार र तेजाबी सुन प्रतितोला ६४ हजार ७०० तथा चाँदीको मूल्य प्रतितोला रु ७७५ कायम भएको थियो।

यस्तै, एक वर्षको अवधिमा चाँदीमा पनि प्रतितोला रु ४३५ वृद्धि भएको छ। त्यसयता स्थानीय बजारमा सुनचाँदीको मूल्यमा निरन्तर वृद्धि भइरहेको छ। लगातार उकालो लाग्दै आएको पहेँलो धातुको मूल्यमा सोमबार पनि उच्च वृद्धि भएको छ। महासङ्घका अनुसार सोमबार पनि सुनको मूल्य प्रतितोला रु एक हजार २०० ले बढेको छ।

महासङ्घले सोमबारका लागि छापावाला सुनको मूल्य प्रतितोला र ९७ हजार ५०० र तेजाबी सुनको मूल्य प्रतितोला रु ९७ हजार ६० निर्धारण गरेको छ। यो अहिलेसम्मकै उच्च हो। आइतबार छापावाला सुनको मूल्य प्रतितोला रु ९६ हजार ३०० र तेजाबी सुनको मूल्य प्रतितोला रु ९५ हजार ८६० तोकिएको थियो।

अन्तर्राष्ट्रिय बजारमा नै सुनको मूल्य लगातार बढेकाले त्यसको प्रभाव स्थानीय बजारमा परेको महासङ्घले जनाएको छ। मनि मेटल एक्सचेन्जका अनुसार सोमबार अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य प्रतिऔँस एक हजार ९४२.२० डलर पुगेको छ। सुनको मूल्य प्रतिऔँस दुई हजार डलर पुग्ने अनुमान गरिएको छ। महासङ्घका अध्यक्ष मोहनकुमार सुनार लगानीकर्ताले सुनलाई सुरक्षित मानेर लगानी गर्दा अन्तर्राष्ट्रियरुपमै मूल्य बढेको बताउनुहुन्छ। सुन प्रतितोला झण्डै रु एक लाख पुग्नै लागे पनि यसको कारोवार भने ठप्प रहेको उहाँको भनाइ छ।

# आगलागीमा ५२ लाखभन्दा बढीको क्षति

इनरुवा, १२ साउन (रासस)।

सुनसरीको धरान उपमहानगरपालिका-३ स्थित पालिका तरकारी बजारमा आगलागी हुँदा रु ५२ लाख ६३ हजार बराबरको क्षति भएको छ।

विद्युत् चुहिएर भएको आगलागीमा परेर सोमबार बिहान ११ वटा पसल जलेर नष्ट हुँदा रु ५२ लाख ६३ हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ। आगलागीमा फलफूल, तरकारी, कस्मेटिक, किराना पसल र होटल जलेर पूर्णरूपमा नष्ट भएको सुनसरीका प्रहरी नायब उपरीक्षक विनोद शर्माले बताउनुभयो।

आगलागीमा परेर रमा चौहान खतिवडा, कल्पना तामाङ, ओसिन श्रेष्ठ, सविता खनाल लिम्बू, ज्ञानकुमार श्रेष्ठ, अनिता आचार्जु, नीरा निरौला, इन्दिरा श्रेष्ठलगायतको पसल र पसलमा भएका विभिन्न सामग्री, पैसा, फर्निचरका सामग्रीसमेत जलेर पूर्णरूपले नष्ट भएको हो। स्थानीयवासी, धरान उपमहानगरपालिकाको वारुणयन्त्र, नगर प्रहरी र जनपद प्रहरीले आगो नियन्त्रणमा लिएका थिए।

# सूचना

**नोभल कोरोना भाईरस (कोभिड(१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - **प्रेम कुमार यादव**
**अध्यक्ष**
**राजविराज नगरपालिका वडा नं. ६**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money CHAUDHARY GROUP

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*